# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८२/०८३
चलानी नं.

---

## असुरक्षित र नियम विपरितका भवन अभिलेखिकरण गर्ने कार्य रोकिएको सम्बन्धी सूचना ।।।

**प्रकाशित मितिः२०८३।०२।०७**

श्री जनसमुदाय तथा लाभग्राही सबै,

प्रस्तुत विषयमा नेपाल सरकार, भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौंको प.स. २०८२।०८३, च नं. ४४४, मिति २०८३।०२।०४ को भवन निर्माण व्यवस्था सुदृढीकरण समितिका निर्णयहरु कार्यान्वयनको लागि प्राप्त भएको पत्रानुसार सबै स्थानीय तहमा राष्ट्रिय भवन संहिताको अनिवार्य रुपमा कार्यान्वयन गर्ने, असुरक्षित र नियम विपरितका भवनहरुलाई अभिलेखिकरण गर्ने कार्य तत्काल रोक्न आएको आदेशबमोजिम अर्को व्यवस्था नभएसम्म आजको मिति देखि नै उक्त कार्य नगर्ने जानकारिका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै नयाँ घर तथा भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गराएर मात्र निर्माण प्रकृया अगाडि बढाउनुहुन अनुरोध गरिन्छ ।

<u>बोधार्थः</u>

श्री सूचना तथा प्रविधि शाखाः Web Site र Facebook Page मा Upload गर्नुहुन ।
श्री वडा कार्यालयहरुः सूचना टाँस गरी जानकारी गर्नुहुन ।

..........................
अनिशा आचार्य
(प्रमुख प्रशासकीय अधिकृत)

अनिशा आचार्य
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी, गरिबी निवारण मन्त्रालय तथा सामान्य प्रशासन मन्त्रालय**

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ४४४

मितिः २०८३/०२/०४

नेपाल संवत् ११४६

विषयः भवन निर्माण व्यवस्था सुदृढीकरण समितिका निर्णयहरु कार्यान्वयन सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

शहरी विकास मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. २४७५, मिति २०८३/०१/२३ को भवन निर्माण व्यवस्था सुदृढीकरण समितिका निर्णयहरु कार्यान्वयनका सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२/४

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

श्री शहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः पत्र इमेल गरिदिनुहुन र वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

श्री पूर्वाधार शाखा, नियमानुसार आ.का. गर्ने।

सिद्धलेक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कुमपुर, धादिङ

दर्ता नं : ९८२३

दर्ता मिति : २०८३/०२/०५

हस्ताक्षर :

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

श्री स्था. तह स. शाखा

प.सं. :- ०८२/८३

च.नं. :- २४७५

मिति :- वि.सं. २०८३/०१/२३

ने.स. :- ११४६ वछलागा,४ बुधवार

विषय: भवन निर्माण व्यवस्था सुदृढिकरण समितिको निर्णयहरु कार्यन्वयनका लागि सबै स्थानीय तहहरुमा परिपत्र गरिदिने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमांडौ

प्रस्तुत विषयमा भवन ऐन, २०५५ को दफा '३' बमोजिमको भवन निर्माण व्यवस्था सुदृढिकरण समितिको मिति २०८२/१२/२७ गते बसेको १९ औ बैठकमा भवन निर्माण सम्बन्धि कार्यलाई थप व्यवस्थीत, सुदृढ एवं गुणस्तरीय बनाउनका लागि स्थानीय तहहरुसँग सम्बन्धित तपशिल अुसारका निर्णयहरु भएकोले उक्त निर्णयहरु कार्यान्वयनका लागि सबै स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन यस मन्त्रालयको मिति 2083/01/22 को सचिवस्तरीय निर्णयानुसार अनुरोध गर्दछु ।

**तपशिल (बैठकका निर्णयहरु)**

१. नेपालका विभिन्न स्थानीय तहहरूमा कार्यरत प्राविधिकहरूले आफै तथा आफ्ना मातहतका इन्जिनियरिङ्ग कन्सल्टेन्सी बाट नक्सा तयार गर्ने/गराउने, आफै साइट निरीक्षण गर्ने तथा आफै सम्पन्न प्रमाणित गर्ने प्रवृत्ति देखिएको र यसले निर्माणको गुणस्तर घटाई संरचनात्मक रूपमा कमजोर भवन निर्माण हुने जोखिम वढाएको हुनाले सो सम्बन्धमा आवश्यक ब्यवस्था मिलाई एकै व्यक्तिले नक्सा पास र सम्पन्न प्रमाणपत्र जारी नगर्नु/नगराउनु हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई परिपत्र गर्न अनुरोध गर्ने।

२. सबै स्थानीय तहमा राष्ट्रिय भवन संहिताको अनिवार्य रूपमा कार्यान्वयन हुन, असुरक्षित र नियम विपरितका भवनहरूलाई अभिलेखिकरण गर्ने कार्य तत्काल रोक्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई परिपत्र गर्ने ।

3. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को स्व-मुल्याङ्कन विषयक्षेत्रमा "राष्ट्रिय भवन संहिता लागु गरि घर वा भवनको नक्सा पास गर्ने" कार्यको अंकभार वृद्धिगराउन संर्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्रचार गर्ने।

नेपाल सरकार
# शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sudan Khatiwada
sudan.2049@gmail.com

(सुदन खतिवडा)
इन्जिनियर

<u>बोधार्थ:</u>

श्री शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाण्डौं

about:blank